# यासोक क्याम्पस

## अक्षयकोष व्यवस्थापन तथा सञ्चालन

## संसोधित कार्यविधि -२०७९



क्याम्पस सञ्चालक समितिबाट

पारित मिति: २०७८/०२/१२

प्रमाणीकरण मिति: २०७९/०४/२५

## यासोक क्याम्पस अक्षयकोष व्यवस्थापन तथा सञ्चालन कार्यविधि -२०७९

प्रस्तावना

सबैका लागि गुणस्तरीय शिक्षाको प्रवन्ध गर्ने उद्देश्यले स्थानीय स्तरमा नै उच्च शिक्षाको अवसर दिलाउनको लागि यस क्षेत्रका शिक्षा प्रेमीहरुको पहलमा स्थापित भई त्रि.वि.बाट २०६४/५/१९ मा संवन्धन प्राप्त गरेर सञ्चालनमा रहेको गैह्र नाफामुखी सामुदायिक यस यासोक क्याम्पसको व्यवस्थापन सुधार र शैक्षिक उन्नयनका लागि आवश्यक आर्थिक श्रोत जुटाई दिगो व्यवस्थापन गर्न कुम्मायक गाउँपालिकाको मुख्य सहयोगमा यासोक क्याम्पसको स्वामित्वमा रहने एक अक्षयकोष स्थापना गरी व्यवस्थित रुपमा सञ्चालन गर्न वान्छनीय भएकोले,

यासोक क्याम्पसको विधान २०७८ को परिच्छेद ६ दफा १६ (३) तथा दफा १७(२) को अधिनमा रही यो कार्यविधि बनाई क्याम्पस सञ्चालक समितिको मिति २०७९।०२।१२ को बैठकको निर्णयबाट पारित तथा मिति २०७९।०४।२५ मा प्रमाणीकरण गरी यो कार्यविधि लागु गरिएको छ।

### परिच्छेद -१

### प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** यो कार्यविधिको नाम यासोक क्याम्पस अक्षयकोष व्यवस्थापन तथा सञ्चालन कार्यविधि -२०७८ रहेको छ।

यो कार्यविधि क्याम्पस सञ्चालक समितिको बैठकबाट पारित भएपछि प्रारम्भ हुनेछ।

१ (१) अक्षयकोषको अनुसूची १ बमोजिमको एक छुट्टै छाप हुने छ।

१(२) यो कार्यविधि सम्पूर्ण सरोकार पक्ष उपर लागु हुने छ।

परिच्छेद -२

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्य विधिमा -

२ (१) **"अक्षय कोष"** भन्नाले यासोक क्याम्पस सञ्चालनार्थ एवं विद्यार्थी कल्याणको निमित्त संघ प्रदेश र स्थानीय सरकार लगायत देशी विदेशी सरकारी, गैह्र सरकारी संघ - संस्था र व्यक्ति समेतबाट प्राप्त सहयोग रकम जुन मूलधनलाई निश्चित कोषमा राख्ने छ।

२ (२) **"यासोक क्याम्पस"** भन्नाले त्रिभुवन विश्वविद्यालयबाट मिति २०६४/५/१९ मा सम्बन्धन प्राप्त गरी प्रदेश नं. -१,पांचथर जिल्ला, कुम्मायक १ को यासोकमा सञ्चालनमा रहेको सामुदायिक क्याम्पसलाई जनाउनेछ।

२ (३) **"क्याम्पस सभा"** भन्नाले यासोक क्याम्पसलाई सुव्यवस्थित रुपबाट सञ्चालन गर्न क्याम्पसको विधान बमोजिम गठित उच्च स्तरीय निकाय सम्झनु पर्छ।

२ (४) **"सञ्चालक समिति"** भन्नाले क्याम्पसको विधान २०७८ को परिच्छेद -४ अन्तर्गत गठन भएको समितिलाई जनाउदछ।

२ (५) **"अध्यक्ष" भन्नाले** क्याम्पस सञ्चालक समितिका अध्यक्षलाई जनाउँदछ।

२ (६) **"क्याम्पस प्रमुख"** भन्नाले त्रि. वि. सम्बन्धन प्राप्त यासोक क्याम्पसको प्रमुखलाई जनाउँछ।

२ (७) **"शिक्षक /अध्यापक"** भन्नाले क्याम्पसमा अध्यापन गर्ने पूर्णकालीन करार आंशिक जुनसुकै तवरबाट नियुक्ति पाएका कार्यरत शिक्षक तथा शिक्षीकालाई जनाउनेछ।

२ (८) **"कर्मचारी"** भन्नाले क्याम्पसको कार्य सम्पन गर्न करार वा आंशिकमा नियुक्त जुनसुकै पदको कर्मचारीलाई सम्झनु पर्छ।

२ (९) **"विद्यार्थी"** भन्नाले यस यासोक क्याम्पसमा सञ्चालित शैक्षिाक कार्यक्रममा अध्ययन गरी राखेका विद्यार्थीलाई जनाउनेछ।

२(१०) **"दातृ निकाय"** भन्नाले संघ प्रदेश स्थानीय सरकार देशी विदेशी सरकारी वा गैह्रसरकारी संघसंस्था लगायत व्यक्ति जसले क्याम्पसलाई आर्थिक एवं भौतिक सहयोग उपलब्ध गराउँछ लाई सम्झनुपर्छ।

२(११) **"कोष सञ्चालक"** समिति भन्नाले क्याम्पसको अक्षयकोषको व्यवस्थापन सञ्चालन प्रवर्द्धन गर्न गठित समितिलाई सम्झनुपर्छ।

२(१२) **"आर्थिक वर्ष"** भन्नाले प्रत्येक वर्ष श्रावण महिना देखि आगामी वर्षको असार मसान्त सम्मको एक वर्ष अवधिलाई सम्झनुपर्छ ।

२(१३) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले कुम्मायक गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

२(१४) **"सम्बन्धित वडाध्यक्ष"** भन्नाले कुम्मायक गाउँपालिकाको क्याम्पस रहेको वडा नं. १ को वडाध्यक्षलाई सम्झनुपर्छ ।

२(१५) **"लेखापाल"** भन्नाले यासोक क्याम्पसको लेखा राख्ने काम गर्ने क्याम्पसको कर्मचारीलाई सम्झनुपर्छ ।

२(१६) **"कार्यविधि"** भन्नाले यासोक क्याम्पस अक्षयकोष व्यावस्थापन तथा संञ्चालन कार्यविधिलाई सम्झनुपर्छ ।

२(१७) **"अक्षयकोष व्यवस्थापन समिति"** भन्नाले यासोक क्याम्पसको व्यवस्थापन तथा शैक्षिक भौतिक अन्नयनको लागि स्थापना गरिने अक्षयकोष सञ्चालन संबन्धी कार्यविधि २०७८ को परिच्छेद ४ दफा ४ (१) बमोजिम गठित समिति सम्झनुपर्छ ।

२(१८) **"व्याज रकम"** भन्नाले उन्नयनको लागि स्थापना गरिने अक्षयकोषमा जम्मा भएको रकमबाट प्राप्त व्याज लाई सम्झनुपर्छ ।

## परिच्छेद ३

**३. कोषको स्थापना :**

यासोक क्याम्पसको शैक्षिक, भौतिक, व्यवस्थापकीय उन्नयनको लागि आवस्यक दीगो आर्थिक श्रोत जुटाउन विभिन्न दातृ संस्था/निकाय/व्यक्तिबाट प्राप्त आर्थिक, भौतिक सहयोग व्यवस्थित गरी पूर्ण स्वामित्व यासोक क्याम्पसमा नीहित रहने गरी मूलधनलाई नमास्ने र त्यसबाट प्राप्त व्याज रकम तोकिएका क्षेत्रमा समितिको निर्णयबाट आर्थिक ऐन नियम बमोजिम हुने गरी मात्र खर्च गर्ने गरी एक अक्षयकोष स्थापना गरेर नजिकैको भरपर्दो मान्यताप्राप्त बैंक, वित्तीय संस्थामा खाता खोली छुट्टै एक सञ्चालक समिति रहने व्यवस्था गरेर कोष स्थापना तथा सञ्चालन गरिनु पर्नेछ ।

**३(१) अक्षयकोष स्थापना र सञ्चालनको उद्देश्य :**

क) क्याम्पसको शैक्षिक अभिवृद्धि उन्नयन गर्न ,

ख) क्याम्पसको भौतिक पूर्वाधार विकास गर्नु,

ग) अध्यापक एवं कर्मचारीलाई प्रोत्साहित र वृत्तिविकास गर्नु,

घ) क्याम्पसका विद्यार्थीको शैक्षिक विकास र सिकाई उपलब्धि वृद्धिका लागि प्रोत्साहित र सहयोगी हुने छात्रवृत्ति प्रदान गर्नु,

ङ) विद्यार्थीको चौतर्फी विकासको लागि बिभिन्न अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु

**३(२) कोषमा देहायको रकम रहनेछ :**

क) कुम्मायक गाउंपालिकाबाट प्राप्त रकम ,

ख) विदेशी व्यक्ति वा संघसंस्था वा सरकारबाट प्राप्त रकम ,

ग) स्वदेशी  व्यक्ति शिक्षा प्रेमी वा संघसंस्थाबाट प्राप्त रकम ,

घ) अन्य कुनै स्रोतबाट प्राप्त रकम,

३(३). **दफा ३ (२) बमोजिमको रकम** बैकमा छुट्टै मुद्धति खाता खोली जम्मा गरिनेछ ।

३(४) **कोषको उपयोग दफा** ३(१) को उद्देश्य पुरा गर्ने गरी प्रत्येक उद्देश्यको लागि सञ्चालक समितिको निर्णयबाट निश्चित रकम छुट्याएर उपयोग गर्न सकिनेछ ।

**३(५) कोषको रकम सावाँ खर्च नहुने** तथा ब्याज तोकिए भन्दा अन्यत्र खर्च गर्न सकिने छैन ।

३(६) **कोष सञ्चालन**को लागि छुट्टै सञ्चालक समिति रहनेछ  र सो समितिले आवश्यक निर्णय गरी दफा ३ (१) बमोजिमका उद्देश्य पुरा गर्ने कामको लागि क्याम्पसलाई रकम उपलब्ध गराउनुपर्नेछ ।

३(७) **कोषको बैंक खाता सञ्चालन : क)** कोषको मूलधनबाट प्राप्त ब्याजको खाता तथा मुद्धति खाता सन्चालन संचालक समिति अध्यक्ष, लेखापाल र सचिव मध्ये कुनै दुइको संयुक्त दस्तखतबाट हुनेछ ।

(ख) बैंक तथा वित्तिय संस्था वा सहकारी मध्ये जसले बढी ब्याजदर उपलब्ध गराउछ सोही संस्थामा मुद्दती वा अक्षय कोषको खाता खोली सञ्चालन गरिनेछ ।

३(८) **कोषको लेखा र लेखा परीक्षण :** क) कोषको आय व्ययको लेखा प्रचलित कानुन बमोजिम राखिनेछ ।

**ख) कोषको लेखापरीक्षण** मान्यता प्राप्त लेखापरीक्षणबाट आर्थिक ऐन बमोजिम हुने गरी उचित समयमा नै गराइनेछ ।

## परिच्छेद : ४

४. कोष सञ्चालक समिति गठन :

४(१) **कोषलाई व्यावस्थापन प्रवर्द्धन तथा सुसञ्चालन** गर्न देहाय बमोजिमको यासोक क्याम्पस अक्षयकोष सञ्चालन समिति रहनेछ ।

क) क्याम्पस सञ्चालक समिति अध्यक्ष –अध्यक्ष

ख) कुम्मायक गा.पा. को प्रमुख प्रशासकीय अधिकृत – सदस्य

ग) संबन्धित वडाको वडाध्यक्ष – सदस्य

घ) क्याम्पसको लेखापाल – सदस्य

ङ) क्याम्पस प्रमुख – सदस्य सचिव

४.२. कोष सञ्चालक समितिको काम कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ ।

क) अक्षयकोष व्यवस्थापन तथा सञ्चालन संबन्धमा नीतिगत निर्णय गरी क्याम्पसलाई सुझाव दिने ,

ख) अक्षयकोषमा सावाँ रकम बृद्धि गर्न आवश्यक रणनीतिहरु तय गरी कार्यान्वयन गर्ने,

ग) ब्याज रकम खर्च गर्ने विधि र प्रक्रिया निर्धारण गर्ने ।

## परिच्छेद ५

५. विविध

५(१) **कोष खर्च गर्ने प्रक्रिया** : कोषको ब्याज रकम खर्च गर्न निम्न प्रक्रिया अवलम्बन गर्नु पर्ने छ :

क) क्याम्पस सञ्चालक समितिसंग क्याम्पसका अध्यापक तथा कर्मचारी समेतको परामर्शका आधारमा खर्च गर्न तोकिएका परिच्छेद ३ को दफा ३(१) अनुसारका उद्देश्य तथा क्षेत्रको आधारमा प्राथमिकता क्रम तथा रकम उल्लेखित निर्णय माग गर्ने ,

ख) कोष सञ्चालक समितिको बैठकबाट आवश्यक निर्णय आर्थिक ऐन बमोजिम हुनेगरी खर्च गर्न सुझाव सहित खर्च रकम स्वीकृत गरेर चेक क्याम्पसलाई प्रदान गर्ने ,

AnyScanner

ग) आय र व्यय रकमको व्यवस्थित लेखा तत्काल राख्ने ,

५(२) अक्षयकोषको व्याज बापतको रकम प्रचलित कानून बमोजिम खर्च गर्ने दायित्व यस कार्यविधिको दफा ४ (१) बमोजिमको समितिको हुनेछ ।

५(३) अक्षयकोषको र व्याज बापत प्राप्त रकमको खर्चको लेखापरीक्षण गर्ने , गराउने दायित्व कोष सञ्चालक समितिको हुनेछ र यस समितिले प्रत्येक आर्थिक वर्ष समाप्त भएको ३ महिना भित्र उक्त लेखा परीक्षण प्रतिवेदन र अक्षय कोष सञ्चालन र व्यवस्थापन सम्बन्धमा भए गरेका कामको प्रगति प्रतिवेदन क्याम्पस सञ्चालक समितिको बैठकमा पेश गर्नुपर्नेछ ।

५(४) अक्षयकोषमा भएको आम्दानी र व्याज बापत प्राप्त रकमबाट भएको खर्चको विवरण प्रत्येक वर्ष अन्तिम लेखा परीक्षण अघि आन्तरिक परीक्षण गरी सार्वजनिक गरेर अन्तिम परीक्षण गराई सो समेत सार्वजनिक गर्नुपर्नेछ ।

५(५) यस कार्यविधिमा भएको व्यवस्था बमोजिम काम भए नभएको र कार्य प्रगतिको बारेमा क्याम्पस सञ्चालक समिति क्याम्पस सभा, कुम्मायक गाउँपालिका प्रतिनिधि लगायत अध्यापक, बुद्धिजीवि, शिक्षाप्रेमी, आर्थिक भौतिक सहयोगदाता लगायतका पदाधिकारीबाट समय समयमा अनुगमन गरी आवश्यक सुझाव दिइनेछ ।

५(६) परिस्थितिबस क्याम्पस सञ्चालन हुन नसकेमा क्याम्पसको चल अचल सम्पत्ति स्वत: सम्बन्धन दिने निकाय त्रिभूवन विश्व विद्यालय वा नेपाल सरकारमा स्थानान्तरण हुने प्रावधान भएता पनि कुम्मायक गाउँपालिकाबाट प्राप्त बीउ पूजीं मिति २०७९।०३।२४ को सम्झौता बमोजिम कुम्मायक गाउँपालिकाले तोकेको बैंक खातामा नै जम्मा गरिनेछ ।

५(७) यस कार्यविधिमा उल्लेख नभएका विषयहरु प्रचलित कानुन बमोजिम हुनेछ ।



AnyScanner

अनुसूची : १

अक्षय कोष सञ्चालक समितिको छाप

यासोक क्याम्पस अक्षयकोष सञ्चालक समिति
★ कुम्मायक–१, यासोक, पाँचथर ★

AnyScanner